बैठक संख्या:०२

समय:दिउँसो १२:३० बजे

मिति:२०८२/०४/२९ गते

आ.व.२०८२/०८३

आज मिति २०८२ साल श्रावण महिनाको २९ गते बिहिबारका दिन यस दुल्लेश्वर गाउँपालिकाका अध्यक्ष श्री सुन्दर कुमार के.सी.ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलका पदाधिकारीहरुको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति:**

| | |
|---|---|
| श्री सुन्दर कुमार के.सी. | गाउँपालिका अध्यक्ष |
| श्री कलावती न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| श्री ललित कुमार थापा | प्रमुख प्रशासकीय अधिकृत (सचिव) |
| श्री श्याम बहादुर राना | वडा अध्यक्ष वडा नं. १ |
| श्री यम बहादुर बिष्ट | वडा अध्यक्ष वडा नं. २ |
| श्री कृष्ण बहादुर खत्री | वडा अध्यक्ष वडा नं. ३ |
| श्री नगेन्द्र बहादुर बुढा | वडा अध्यक्ष वडा नं ४ |
| श्री पर्वलाल शर्मा जैसी | वडा अध्यक्ष वडा नं. ५ |
| श्री मान बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. ६ |
| श्री प्रमिला सुनार | कार्यपालिका सदस्य |
| श्री सुन्तली कुमारी बि.क. | कार्यपालिका सदस्य |
| श्री कमला बि.क. | कार्यपालिका सदस्य |
| श्री शान्ती कुमारी बुढा | कार्यपालिका सदस्य |
| श्री चन्द्रा बि.क. | कार्यपालिका सदस्य |
| श्री खिमा कुमारी उपाध्याय | कार्यपालिका सदस्य |

**सहयोगी कर्मचारीहरु:**

श्री टंक बहादुर कार्की, बरिष्ठ लेखा अधिकृत

श्री नन्दराज रेग्मी, सूचना प्रविधि अधिकृत

श्री तुल्सा न्यौपाने, कार्यालय सहयोगी

CamScanner

गाउँ कार्यपालिकाको मिति २०८२।४।२६ को २ औं बैठकको निर्णय प्रमाणित गर्दछु ।

२०८२।४।२६

प्रस्तावहरुः-

१. अघिल्लो कार्यपालिकाका निर्णयहरुको समिक्षा सम्बन्धमा ।

२. स्थानीय सेवाको व्यवस्थापन सम्बन्धमा ।

३. आ.व. २०८१/०८२ को बाँकी भुक्तानी प्रमाणित सम्बन्धमा ।

४. आ.व. २०८२/०८३ को वार्षिक नीति कार्यक्रम तथा बजेट कार्यान्वयन सम्बन्धमा ।

५. संघीय शिक्षण सिकाई सहयोग अनुदान सम्बन्धमा ।

६. योजनाको विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०४/०८ गते बसेको गाउँ कार्यपालिकाको बैठकले गरेका निर्णयहरुको समिक्षा गरियो, अधिकांश निर्णयहरु कार्यान्वयन भएको र केही मात्र कार्यान्वयनको प्रक्रियामा भएको देखियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रचलित कर्णाली प्रदेशको ऐन तथा नियमावली कार्यान्वयन पश्चात पालिका अनुदानबाट तलब भुक्तानी हुने कर्मचारीहरुको म्याद थप नभई त्यसले पारेको प्रभावलाई केही कम गर्नको लागि आवश्यकताको आधारमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ (८) ले दिएको अधिकार प्रयोग गरी डुङ्गेश्वर गाउँपालिका वडा नं. २, ४, ५ र ६ वडा कार्यालयहरुमा मालिको दरबन्दी सिर्जना गर्ने र सोको प्रक्रिया अगाडि बढाई नियुक्ति दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै डुङ्गेश्वर गाउँपालिका कार्यालय तथा मातहतका कार्यालयहरुमा कार्यरत मौजुदा कर्मचारीहरुलाई आवश्यक जिम्मेवारी तथा हेरफेर र परिचालन गर्नुका साथै डुङ्गेश्वर गाउँपालिकाको O & M (संगठन तथा व्यवस्थापन) सर्वेक्षणको लागि प्रक्रिया समेत अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ बजेट निकासा कम भएकोले भुक्तानी दिन बाँकि रहेका तपसिल बमोजिमका योजना, कार्यक्रम तथा बजेटहरु प्रमाणित गरी चालु आ.व.२०८२/०८३ को बजेटमा विनियोजन भएको शिर्षक नं. ३११११३ पुरानो बाँकी योजनाको भुक्तानी र र शिर्षक नं. ३११५१ समपूरक कोष साझेदारी रकमबाट बजेट निकासा अनुसार र बिल भरपाईको आधारमा रकम भुक्तानीको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपसिलः



CamScanner